# सुदूरपश्चिम प्रदेश

## मन्त्रिपरिषद बैठकको निर्णयहरु

## प्रदेश मन्त्रिपरिषद बैठक संख्याः- २९/२०७५

## मितिः- २०७५/०८/१२

२०७५ साल मंसिर १२ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा बसेको मन्त्रिपरिषदको निर्णयः-

**<u>देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :</u>**

१.सामाजिक विकास मन्त्रालयको २९/८६ दरवन्दी तेरिज स्वीकृत सम्बन्धमा "प्रदेश सरकार सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय मातहत रहने व्यवसायिक तथा सीप विकास केन्द्र धनगढी र महेन्द्रनगरका लागि केन्द्र प्रमुखका रुपमा चालु आ.व. को अन्तसम्मका लागि प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित तृतीय श्रेणीको अस्थायी दरबन्दी संख्या २ (दुई) कायम गर्न नेपाल सरकारको स्वीकृतका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने ।

२. भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालयको २९/८७ को प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने -

(क)"यस प्रदेश अन्तर्गत साविकमा रहेका कृषि तथा पशुसँग सम्बन्धित कार्यालय/निकायमा दरबन्दी भई हाल फाजिलमा रहेका कर्मचारीहरुलाई निजहरुको दरबन्दीमा पदस्थापन नभएसम्मका लागि कामकाजमा खटाउने ।"

(ख)"कृषि ज्ञान केन्द्र कंचनपुरले कैलाली जिल्लामा, डडेल्धुराले डोटी जिल्लामा र बैतडीले दार्चुला जिल्लामा सम्पर्क केन्द्र स्थापना गरी १ जना अधिकृतको नेतृत्वमा आवश्यकता अनुसारका कर्मचारी सम्पर्क केन्द्रमा खटाइ कामकाज गर्ने ।"

(ग) "भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कंचनपुरले कैलाली जिल्लामा, डडेल्धुराले डोटी जिल्लामा, बैतडीले दार्चुला जिल्लामा र बाजुराले अछाम जिल्लामा सम्पर्क केन्द्र स्थापना गरी १ जना अधिकृतको नेतृत्वमा आवश्यकता अनुसारका कर्मचारी खटाई कामकाज गर्ने ।"